**नेपाल राष्ट्र बैंक**

**प्रेस समाचार**

# गभर्नर डा. खतिवडा अन्तर्राष्ट्रिय मुद्राकोष तथा विश्व बैंकको वार्षिक बैठकमा भाग लिई स्वदेश फिर्ता

गभर्नर डा. युवराज खतिवडा अन्तर्राष्ट्रिय मुद्राकोष तथा विश्व बैंकको सन् २०१४ को संयुक्त वार्षिक बैठकमा भाग लिई कार्तिक १ गते काठमाण्डौ फर्कनु भयो । गभर्नर डा. खतिवडाले उक्त बैठकको क्रममा वाशिङटन डिसीमा आयोजित अन्तर्राष्ट्रिय मुद्राकोष तथा विश्व बैंकको प्लेनरी एवं दक्षिणपूर्वी एशियाली भोटिङ समूहको बैठकमा भाग लिनुका साथै अन्तर्राष्ट्रिय मुद्रा तथा वित्तीय समितिको बैठकमा समेत सहभागी हुनु भएको थियो ।




वार्षिक बैठकको अवधिमा आयोजित छुट्टाछुट्टै बैठकहरुमा अन्तर्राष्ट्रिय मुद्रा कोषका डेपुटी म्यानेजिङ डाइरेक्टर नाओयुकी सिनोहारा, एशिया-प्यासिफिक डिपार्टमेण्टका निर्देशक चाङ्गयोङ्ग री तथा मनी एण्ड क्यापिटल मार्केट डिभिजनका टोलीसंगको छलफलको क्रममा गभर्नर डा. खतिवडाले नेपालको पछिल्लो समष्टिगत आर्थिक स्थिति, वित्तीय क्षेत्रको अवस्था तथा भावी परिदृश्यका साथै केन्द्रीय बैंकले बैंकिङ क्षेत्रका सुधार र समस्या समाधानका लागि चालेका कदमहरु बारेमा प्रकाश पार्नु भएको थियो । नेपालको वित्तीय क्षेत्रको सुधारको निमित्त फाइनान्सियल सेक्टर एसेस्मेण्ट प्रोग्राम संचालन गरी नेपालको वित्तीय क्षेत्रको गहन अध्ययनको आधारमा महत्वपूर्ण सुझाव दिने, बैंकिङ सुपरिवेक्षण कार्यलाई सुदृढ तुल्याउन आवासीय परामर्शदाता उपलब्ध गराउने, नेपालको विनिमयदर प्रणाली तथा पूँजी खाता परिवर्त्यता जस्ता विषयको अध्ययनको निमित्त विशेष मिशनहरु पठाउने, नेपाल राष्ट्र बैंकका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने लगायतका सहयोगको निमित्त गभर्नर डा. खतिवडाले अन्तर्राष्ट्रिय मुद्राकोषलाई धन्यवाद दिंदै आगामी दिनमा पनि यसप्रकारको सहयोगलाई निरन्तरता दिन अनुरोध गर्नुभयो ।



बैठकको क्रममा कोषका डेपुटी म्यानेजिङ डाइरेक्टर सिनोहाराले नेपाल राजनीतिक स्थिरतातर्फ अघि बढेकोमा सन्तोष व्यक्त गर्दै वित्तीय क्षेत्रको सुधारको निमित्त फाइनान्सियल सेक्टर एसेस्मेण्ट प्रोग्रामको सुझावहरुलाई लागू गर्नमा नेपाल राष्ट्र बैंकले जनाएको प्रतिबद्धताको सराहना गर्नुभयो । त्यसैगरी,

एशिया-प्यासिफिक डिपार्टमेण्टका निर्देशक चाङ्गयोङ्ग रीले नेपालको म्याक्रोइकोनोमिक सर्भेलेन्स र मौद्रिक तथा वित्तीय क्षेत्रको मूल्याङकन गरी नीतिगत सुझाव दिने कार्यलाई कोषले निरन्तरता दिने बताउनु भयो । मनी एण्ड क्यापिटल मार्केट डिभिजनका टोलीसंगको बैठकमा नेपालको निमित्त आवश्यक पर्ने प्राविधिक सहयोगको बारेमा अध्ययन गर्नको निमित्त निकट भविष्य मै एक टोली नेपाल पठाउने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

अन्तर्राष्ट्रिय मुद्राकोष तथा विश्व बैंकको संयुक्त वार्षिक बैठकको समयमा सार्कफाइनान्स गभर्नरहरुको वार्षिक समूह बैठक पनि आयोजना गर्ने प्रचलन अनुरुप सार्कफाइनान्स गभर्नरहरुको २९ औं बैठक पनि वाशिङटन डिसीमा आयोजना गरिएको थियो । सार्कफाइनान्सको वर्तमान अध्यक्षको हैसियतले नेपाल राष्ट्र बैंकद्वारा आयोजित उक्त बैठकको अध्यक्षता गभर्नर डा. खतिवडाले गर्नु भएको थियो । बैठकमा मुख्यतया आगामी वर्ष संयुक्तरुपमा सम्पन्न गरिने क्षेत्रीय अध्ययन-अनुसन्धानका विषयहरु, सदस्य राष्ट्रहरुले आयोजना गर्ने गोष्ठी तथा क्षेत्रीय तथ्याङ्क डाटावेसको निर्माण बारेमा निर्णय गरिएको थियो ।

त्यसैगरी, सार्कफाइनान्सको गतिविधिमा सम्वन्धित देशका अर्थ मन्त्रालयहरुको सहभागिता बढाउने सिलसिलामा सार्कफाइनान्स कोअर्डिनेटरहरुको नियमित बैठकमा अर्थ मन्त्रालयहरुलाई पनि पर्यवेक्षकको रुपमा सहभागी गराउने समेत निर्णय गरिएको छ । आगामी वर्ष सार्क क्षेत्रमा गरिने सार्कफाइनान्स गभर्नरहरुको बैठक बंगलादेशमा आयोजना गर्ने सहमति भएको छ । बैठकको अन्त्यमा सार्कफाइनान्सको अध्यक्षता पाकिस्तानलाई हस्तान्तरण गरिएको थियो ।



गभर्नर डा. खतिवडा तथा पिपुल्स बैंक अफ चाइनाका डेपुटी गभर्नर यि गाङ्ग बीच सम्पन्न एक छुट्टै बैठकमा गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकलाई चिनियां मुद्राको ऋणपत्रमा लगानीको अवसर प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्नु भयो । बैठकमा नेपाल-चिन बीचको सीमा व्यापार तथा भुक्तानी व्यवस्था बारेमा छलफल हुनुका साथै चिनियां युआनमा भुक्तानी व्यवस्था गर्ने तथा वित्तीय जानकारी सम्वन्धमा सहयोग आदान-प्रदान गर्ने सम्वन्धी सम्झौताहरुमा निकट भविष्य मै हस्ताक्षर गर्ने आवश्यक व्यवस्था मिलाउने कुरा तय भएको छ । त्यसका साथै डेपुटी गभर्नर गाङ्गले नेपाल राष्ट्र बैंकको क्षमता विस्तारमा सक्दो सहयोग गर्ने वचनबद्धता समेत व्यक्त गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय मुद्राकोष तथा विश्व बैंकको उक्त बैठकहरुमा नेपाल राष्ट्र बैंकबाट गभर्नर डा. खतिवडाका साथ अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले भाग लिनु भएको थियो भने नेपाल राष्ट्र बैंकबाट हाल अन्तर्राष्ट्रिय मुद्राकोषमा सल्लाहकारको रुपमा काजमा कार्यरत डा. रामशरण खरेल पनि बैठकहरुमा सहभागी हुनुहुन्थ्यो ।

**गभर्नरको कार्यालय**

मिति २०७१।७२